जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ६० २०७८ साल असोज ९ गते शनिबार (25 Sep. 2021 Saturday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**अधिक वर्षाको समयमा पानीजन्य प्रकोपको जोखिमबाट बचौं**

- बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरुमा पूर्व सूचना प्रणालीको व्यवस्था गरौं ।
- डुबान हुने क्षेत्रहरुमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाईप) चालु अवस्थामा राखौं ।
- बाढी तथा पानीको बहाव बढेको जानकारी दिन साईरन जडान, एस. एम. एस., सामाजिक सञ्जाल तथा आमसञ्चार माध्यमलाई तयारी अवस्थामा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : नेतृत्व चयन तयारीमा ... ३ पृष्ठमा : बडादसैँका साइत सार्वजनिक, ... ३ पृष्ठमा :भारतमा थप ३१ हजार ...

# दुई महिनाको अवधीमा ११ बालबालिकासहित १९ को डुबेर मृत्यु




**दैनिक समाचारदाता**
**राजविराज, ८ असोज ।**

विभिन्न जलाशयमा डुबेर मृत्यु हुने घटनामा सप्तरीमा बृद्धि भई रहेको बेला शुक्रवार थप एक जना बालकको डुबेर ज्यान गएको छ ।

पछिल्लो पटक जिल्लाको बिष्णुपुर गाउँपालिका वडा नं. ५ का कटि निवासी मो. आजादका ३ वर्षिय छोरा रहमद आलिको डुबेर मृत्यु भएको हो । आफ्नै घरको पछाडी रहेको पोखरीको डिलमा खेल्ने क्रममा डिलबाट लड्दा उनी पोखरीमा डुबेका थिए । आफन्तले अलिलाई डुबेको देखेपछि पोखरीबाट बाहिर निकालि उपचारका लागि छिन्नमस्ता अस्पताल राजबिराज ल्याएपछि चिकित्सकले चेक जाच गर्ने क्रममा मृत घोषित गरेका थिए ।

तीन दिन अघि मात्र मंगलवार पनि एकै दिन खडक नगरपालिका ८ कि ३ बर्षिय एलिजा कुमारी चौधरी, तिलाठी कोईलाडी गाउपालिका २ कि १२ बर्षिय सवाना खातुन र महदेवा गाउपालिका ४ कि ३० बर्षिय लक्ष्ण कुमारी सदाको पोखरी र नहरमा डुबेर ज्यान गएको थियो । त्यसको भोलिपल्टै बुधबार महदेवा गाउँपालिका २ की ५ वर्षिया शिवानी मण्डलको पनि नुहाउने क्रममा पोखरीमा डुबेर ज्यान गएको थियो ।

जिल्लामा आर्थिक बर्ष ०७६/७७ मा १५ वालबालिका सहित २७ र ०७७/७८ मा १५ बालबालिका सहित २४ जनाको पानीमा डुबेर ज्यान गएकोमा चालू आब ०७८/७९ को दुई महिना ८ दिन मै ११ बालवालिका सहित १९ जनाको ज्यान गईसकेको प्रहरी तथ्यांक ले देखाएको छ ।

खाल्डा, नदि, नहर र पोखरीले विशेष गरि बालवालिकालाई बढी जोखिममा पारेको तथ्यांकले देखाएको छ । सप्तरीका प्रहरी उपरिक्षक राजेन्द्र धमलाका अनुसार पानीमा डुबेर मृत्यु हुने अधिकांश घटना ग्रामिण क्षेत्रमा घटने गरेको पाईएको छ ।

उनले वर्षा तथा अन्य बेला पनि बालवालिकालाई जथाभावी बाहिर खेल्न जान दिने तर निगरानी गर्न नसक्दाँ यस्ता दुखद घटनामा बढोतरी भएको बताए ।

प्रहरीले यस बारे निरन्तर विभिन्न माध्यमले सचेत गराउदाँ पनि यस्ता घटनामा बढोतरी हुनु चिन्ताको विषय भएको बताए ।

# थप एक हजार ४ सय ७८ जनामा संक्रमण पुष्टि

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ असोज ।**

देशभर थप १ हजार ४७८ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ ।

१३ हजार ९३० जनाको परीक्षण गर्दा पीसीआर विधिबाट १ हजार २५१ र एन्टिजेन विधिबाट २२७ जनामा संक्रमण पुष्टि भएको हो ।

नेपालमा सक्रिय संक्रमितको संख्या २१ हजार १३९ जना रहेका छन् । यसमध्ये १९ हजार ८०५ जना होम आइसोलेसनमा, १ हजार ३३४ जना संस्थागत आइसोलेसनमा, ३३४ जना आईसीयूमा र ११९ जना भेन्टिलेटरमा रहेका छन् ।

पछिल्लो २४ घण्टामा १ हजार ६३० जना निको भएका छन् भने थप ६ जनाको मृत्यु भएको छ । यही अवधिमा थप १ लाख ५६ हजार १८ जनाले खोप लगाएका छन् ।

**सूचना ! ॐ सूचना !!!**

राजविराज नगरपालिका वडा नं. १ हाल ७ स्थित ऐतिहासिक, प्राचिन तथा धार्मिक महत्वको रूपमा रहेको हरिनन्देश्वर महादेव मन्दिरको सनातन धार्मिक सद्‌वर्त कायम राख्दै दैनिक पूजा अर्चना एवम् संरक्षण सम्बर्द्धन तथा मन्दिरको व्यवस्थापन लगायतको कार्यवारे पुनः वृहत छलफलको लागि सम्पूर्ण हिन्दू धर्मावलम्वी, समाजसेवी, बुद्धिजिवी, नागरिक समाज एवम् नगरवासीमा उपस्थितिका लागि विनम्र सादर अनुरोध गर्दछु ।

**स्थान :** राजविराज न.पा. वडा नं. ७ को कार्यालय
**समय :** विहान ८ः३० बजे
**मिति :** २०७८/०६/०९ गते शनिबार

# सार्वजनिक सवारी साधनको भाडा बढ्यो

काठमाडौं, ८ असोज (रासस) ।

सरकारले शुक्रबारदेखि लागू हुने गरी सार्वजनिक सवारी साधनमा देशभर लागू हुने गरी नयाँ भाडादर कार्यान्वयनमा ल्याएको छ ।

भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मनत्रालय मातहतको यातायात व्यवस्था विभागले देशभर नयाँ भाडादर कार्यान्वयमा आएको जनाएको छ । विगतमा सार्वजनिक सवारी साधनको भाडादर निर्धारण गर्दा इन्धनको अंश ३५ प्रतिशत र अन्य सूचकको अंश ६५ प्रतिशत मानी निर्धारण गरिएको विभागले उल्लेख गरेको छ ।

हाल पेट्रोल र डिजलको मूल्यसमेत वृद्धि भएको छ । भाडा निर्धारण गर्दा अन्य सूचकलाई यथावत राखी 'क्याल्कुलेसन चार्ट' मा इन्धनको सूचकलाई मात्र हालको मूल्यको आधार लिई प्रचलित भाडादरमा वृद्धि गरिएको विभागले उल्लेख गरेको छ । भाडादर समायोजन गर्ने निर्णयअनुसार शुक्रबारदेखि लागू हुने गरी भाडादर समायोजन गरिएको विभागले स्पष्ट पारेको छ ।

त्यसमा छोटो, मध्यम र लामो दूरीको छुट्टाछुट्टै भाडादर कायम गरिएको छ । नयाँ भाडादर अनुसार काठमाडौंबाट इलाम जाने यात्रुले रु एक हजार ६९१ भाडा

*बाँकी अन्तिम पृष्ठमा*

**कोभिड-१९ विरुद्धको खोप सरकारले निःशुल्क लगाइरहेको छ ।**




अवैध रुपमा खोप बेच्ने र किनेर लगाउने दुवैलाई प्रचलित कानुन बमोजिम कडा कारबाही हुनेछ । कोरोना विरुद्धको खोप बेचबिखन भएको थाहा पाउने जो कोहीले स्थानीय प्रशासन, प्रहरी कार्यालय, पालिका वा स्वास्थ्य कार्यालयमा यथार्थ जानकारी गराउनु हुन अनुरोध छ ।

बजारमा लुकिछिपी बेच्न राखिएका खोपहरु नक्कली हुन सक्छन् ।

कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं

मास्क लगाऔं | भौतिक दूरी कायम गरौं | बेलाबेलामा साबुनपानीले हात धोऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# स्वास्थ्य पूर्वाधार र अत्यावश्यक सामग्री उच्च प्राथमिकतामा : प्रधानमन्त्री

काठमाडौँ, ८ असोज (रासस)।

प्रधानमन्त्री शेरबहादुर देउवाले नेपालले कोभिड-१९ सँग जुध्नका लागि स्वास्थ्य पूर्वाधार, अक्सिजन र अन्य अत्यावश्यक स्वास्थ्य सामग्री आपूर्तिलाई उच्च प्राथमिकतामा राखेको बताउनुभएको छ।

संयुक्तराज्य अमेरिकाका राष्ट्रपति जो वाइडेनले शुक्रबार आयोजना गर्नुभएको 'ग्लोबल कोभिड-१९ समिट' मा प्रधानमन्त्री देउवाले भर्चुअल माध्यमबाट सम्बोधन गर्दै नेपालले कोभिड-१९ विरुद्धको खोपका लागि गरेका प्रयासबारे जानकारी गराउनुभएको हो।

उक्त सम्मेलन आयोजना गरेकामा राष्ट्रपति वाइडेनलाई धन्यवाद दिँदै उहाँले नेपालले कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि परीक्षणको दायरा बढाउँदै कोरोना भाइरसको अनुवांशिक परीक्षणकोसमेत विकास गरेको उल्लेख गर्नुभयो।

"हामीले कोभिड-१९ बाट सुरक्षित रहनका लागि जनस्वास्थ्यका क्षेत्रमा सचेतना फैलाउने कामलाई प्राथमिकता दिएका छौँ", उहाँले भन्नुभयो। प्रधानमन्त्री देउवाले नेपालले कोभिड-१९ विरुद्धको खोप लगाउन लक्षित जनसङ्ख्यामध्ये ५० प्रतिशतलाई खोपको पहिलो मात्रा र एक तिहाइ जनसङ्ख्यालाई पूर्ण खोप लगाइसकेको जानकारी दिनुभयो। आगामी चैतसम्म लक्षित सबै नागरिकलाई खोपको पूर्ण मात्रा लगाउने सुनिश्चितता पनि भइसकेको उहाँको भनाइ छ।

उहाँले नेपालले कोभिड-१९ को परीक्षण तथा खोपको पहुँचको दायरालाई ग्रामीण क्षेत्रसम्म पनि पुऱ्याएको जानकारी पनि सो सम्बोधनमा गराउनुभयो। प्रधानमन्त्री देउवाले कोरोना भाइरस रोकथाम र नियन्त्रणका लागि सहयोग गर्ने विदेशी दाता राष्ट्र तथा साझेदार सबैलाई धन्यवाद दिँदै विश्वस्वास्थ्य सुरक्षा कोषमा योगदान गर्ने साझेदारप्रति समेत आभार प्रकट गर्नुभयो।

# श्रीपेच चोरी गर्न खोजेको आरोपमा पक्राउ

काठमाडौँ, ८ असोज (रासस)।

नारायणहिटी दरबार सङ्ग्रहालयबाट श्रीपेच चोर्न खोजेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा रुकुमको मुसिकोट नगरपालिका घर भइ हाल काठमाडौँबस्ने खेमबहादुर घर्ती रहेका छन्। उनको मानसिक अवस्था ठिक नभएको भन्ने जानकारीमा आएको र घटनाको विषयमा अनुसन्धान भइरहेको महानगरीय प्रहरी परिसर काठमाडौँका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक अशोक सिंहले जानकारी दिनुभयो।

उनले भित्र रहेको सो-केस फुटाएर त्यहाँ रहेको श्रीपेच निकाल्न खोज्दा सुरक्षार्थ रहेका नेपाली सेनाले नियन्त्रणमा लिइ महानगरीय प्रहरी वृत्त दरबारमार्गमा बुझाएका छन्। सङ्ग्रहालयमा राजाले लगाएको श्रीपेच सङ्ग्रह गरेर राखिएको छ।

यता काठमाडौँ महानगरपालिका-८ गौशालाबाट ४५ ग्राम तौल भएको संरक्षित वन्यजन्तु गैंडाको खाग (आखेटोपहार) जस्तो देखिने वस्तुसहित ललितपुर महानगरपालिका-६ लगनखेल बस्ने ३० वर्षीय निकेश बस्नेतलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

संरक्षित वन्यजन्तुको आखेटोपहार अवैधरूपमा ओसारपसार तथा बेचबिखन गर्न लागेको भन्ने विशेष सूचनाको आधारमा प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोबाट खटिएको टोलीले उक्त वस्तु अवैधरूपमा ओसारपसार तथा बेचबिखन गर्न ल्याएको अवस्थामा फेला पारी उनलाई पक्राउ गरेको हो।

उक्त वस्तुसहित उनलाई कारवाहीको लागि डिभिजन वन कार्यालय काठमाडौँमा बुझाइएको व्यूरोले शुक्रबार एक विज्ञप्ति जारी गरी जनाएको छ। यसैबीच काठमाडौँको चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट करिब एक किलो ७०० ग्राम गाँजासहित धादिङ गजुरी गाउँपालिका-८ बस्ने ३९ वर्षीय मिलनकुमार अधिकारीलाई प्रहरीले पक्राउ गरेको छ।

कैलाली टिकापुरबाट काठमाडौँतर्फ आउँदै गरेको सुदूरपश्चिम प्रदेश ०१-००१ ख २९८१ नम्बरको बस चेकजाँच गर्दा गाँजा फेला परेपछि उनलाई पक्राउ गरिएको र घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ।


डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# नेतृत्व चयन तयारीमा विद्यार्थी सङ्गठन, समयमै हुँदैन महाविधेशन

काठमाडौँ, ८ असोज (रासस)।

नेतृत्व चयनका लागि प्रमुख विद्यार्थी सङ्गठनहरू राष्ट्रिय महाधिवेशनको तयारीमा जुटेका छन्।

अनेरास्ववियु, अनेरास्ववियु (क्रान्तिकारी), नेत्रविक्रम चन्द निकट अनेरास्ववियु (क्रान्तिकारी) र नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ)ले नयाँ नेतृत्व चयन गर्न लागेका हुन्।

अनेरास्ववियुले आगामी चैत २२ देखि २४ गतेसम्म २३औँ राष्ट्रिय महाधिवेशन गर्न लागेको छ भने अनेरास्ववियु (क्रान्तिकारी)ले यही असोज १४ देखि १६ गतेसम्म २२औँ राष्ट्रिय सम्मेलन गर्ने तयारीमा छ। नेविसङ्घले पनि छिटै ११औँ महाधिवेशनका लागि मिति तोक्न लागेको छ।

चन्द निकट अखिल (क्रान्तिकारी)को नयाँ नेतृत्व चयनका लागि यही असोज ६ गतेदेखि २२औँ राष्ट्रिय सम्मेलन चलिरहेको छ। पोखरामा चलिरहेको सम्मेलनले शुक्रबारै नयाँ नेतृत्व चयन गर्ने अध्यक्ष चिरञ्जीवी ढकालले जानकारी दिनुभयो।

अनेरास्ववियुको गत भदौ २ गते सम्पन्न केन्द्रीय सचिवालय बैठकले आगामी चैत २२ देखि २४ गतेसम्म महाधिवेशन गर्ने निर्णय गरेको हो।सुनिता बरालको नेतृत्वमा सङ्गठनलाई पुनःगठन गर्दै महाविधेशन जाने निर्णय गरिको र उहाँले महाविधेशन शैक्षिक मुद्दामा केन्द्रित हुने जानकारी दिनुभयो। महाविधेशनका लागि मङ्सिरभित्रै सबै तहको अधिवेशन सक्ने जनाइएको छ।

यस्तै क्रान्तिकारीले आसन्न राष्ट्रिय सम्मेलनका लागि तयारी तीव्र बनाएको छ। यसका लागि अहिले जिल्ला र प्रदेश तहको अधिवेशन भइरहेको जनाइएको छ।

कमलादीस्थित प्रज्ञा-प्रतिष्ठानमा हुने सम्मेलनमा ८९९ प्रतिनिधि सहभागी हुने र बन्दसत्र भने कीर्तिपुरस्थित केन्द्रीय क्याम्पसमा गर्ने बताइएको छ। यसअघि भदौ २६ मा भएको क्रान्तिकारीको विधान सम्मेलनले २३ पदाधिकारीसहित १९९ केन्द्रीय समिति बनाउने निर्णय गरेको थियो। उपाध्यक्ष सुरेन्द्र बस्नेतले यसपटकको सम्मेलनले सहमतिका आधारमा नेतृत्व चयन गर्ने बताउनुभयो।

यस्तै नेविसङ्घका महामन्त्री बलदेव तिमिल्सेनाले नेपाली कांग्रेसको महाधिवेशन लगत्तै ११औँ राष्ट्रिय महाधिवेशन गर्ने जानकारी दिनुभयो। उहाँले महाधिवेशनका लागि राजनीतिक र साङ्गठनिक प्रतिवेदन तयार पार्नाका साथै सदस्यता वितरणको कार्य भइरहेको बताउनुभयो। "हामी महाविधेशनको तयारीमा जुटेका थियौँ तर पार्टीको महाधिवेशनका कारणले हाम्रो महाधिवेशन अलि ढिला हुने भयो", उहाँले भन्नुभयो, "पार्टीको महाधिवेशन भएको एक महिनाभित्र हामी पनि महाधिवेशन गर्नेछौँ।"

यस्तै नेकपा (एकीकृत समाजवादी)को भ्रातृसङ्गठन अनेरास्ववियूको भर्खरै सम्पन्न राष्ट्रिय भेलाले सुदेश पराजुलीको अध्यक्षतामा केन्द्रीय कमिटी गठन गरेको छ। अध्यक्ष पराजुलीले अब दुई वर्षपछि मात्र नयाँ नेतृत्वका लागि भेला गरिने जानकारी दिनुभयो।

**समयमै हुँदैन महाविधेशन**

सबै विद्यार्थी सङ्गठनका समयमै नयाँ नेतृत्व चयनका लागि महाधिवेशन हुन सकेको छैन। कोरोना भाइरसको सङ्क्रमण र पार्टीको आन्तरिक विवादका कारण महाविधेशन समयमा गर्न नसकिएको हो। प्रत्येक दुई/दुई वर्षमा हुने महाधिवेशन पार्टीको हस्तक्षेपका कारण पनि रोकिँदै आएको छ।

विसं २०७२ मा अखिलको २२औँ महाधिवेशनले नविना लामालाई अध्यक्षमा निर्वाचित गरेकामा अहिले छ वर्षपछि मात्र २३औँ महाधिवेशनका लागि मिति तोकिएको छ। नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)बीच एकता भएपछि नेकपाको विद्यार्थी सङ्गठन अखिलको संयोजक ऐन महरलाई बनाइएको थियो। पछि एमाले र माओवादी केन्द्र अलग भएपछि एमाले निकट अखिलका महर नै अध्यक्ष हुनुभएको छ। गत भदौ २ गते भएको केन्द्रीय सचिवालय बैठकले केन्द्रीय कमिटीलाई पुनःगठन गर्दै बरालको अध्यक्षतामा ४६५ सदस्यीय महाधिवेशन आयोजक कमिटी बनाएको छ।

यस्तै २०७४ सालमा २१औँ सम्मेलन गरेको क्रान्तिकारीले चार वर्षपछि २२औँ राष्ट्रिय सम्मेलन गर्दैछ। प्रत्येक दुई/दुई वर्षमा हुनुपर्ने सम्मेलन पार्टीको आन्तरिक किचलोका कारण चार वर्षमा हुन लागेको हो।

यस्तै नेविसङ्घको २०७२ सालमा १०औँ महाधिवेशन भएकामा छ वर्षपछि अहिले ११औँ महाधिवेशनको तयारीमा जुटेको छ। समयमै महाधिवेशन हुन नसकेपछि २०७६ माघमा अध्यक्ष नैनसिंह महरले राजीनामा दिनुभएको थियो। "समयमै महाधिवेशन गर्न नसकेपछि मैले पार्टीमा राजीनामा बुझाएको हुँ", उहाँले भन्नुभयो, "तर राजीनामा बुझाएको दुई वर्ष पुग्न लाग्दा पनि महाविधेशन हुन नसक्नु दुःखद् हो।"

उहाँले राजीनामा दिइसकेपछि नेपाली कांग्रेसले महाविधेशन गर्न राजीव ढुङ्गानाको नेतृत्वमा ११ सदस्यीय पदाधिकारी बनाए पनि कोरोना भाइरसका कारण महाविधेशन अझैसम्म हुन सकेको छैन।




# बडादसैंका साइत सार्वजनिक, विजयादशमी असोज २९ गते १०:०२ बजे शुभ

काठमाडौं, ८ असोज (रासस)।

नेपाल पञ्चाङ्ग निर्णायक समितिले यस वर्षको बडादसैंका विभिन्न साइत सार्वजनिक गरेको छ।

असोज २१ गते बिहीबार बिहान ११:४६ बजे घटस्थापनाको साइत रहेको समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले राससलाई जानकारी दिनुभयो। घटस्थापनाका दिन चित्रा नक्षत्र र वैधृति योग परेकाले ११ :४६ बजेअघि चित्रा नक्षत्र र वैधृति योगको शान्ति गरेर घटस्थापना गर्नुपर्छ।

असोज २२ गते शुक्रबार झण्डा फेर्ने साइत ११:५६ बजे रहेको छ। पश्चिम फर्केर झण्डा फेर्नुपर्ने उहाँले जानकारी दिनुभयो। असोज २५ गते सोमबार पचली भैरव यात्रा गरिन्छ। असोज २६ गते मङ्गलबार फूलपाती परेको छ। फूलपाती बेलुकीको समयमा गरिने र यसको साइत आवश्यक नपर्ने अध्यक्ष प्रा अधिकारीले बताउनुभयो।

फूलपातीकै दिन तुलजा भवानीलाई मूल मन्दिरबाट हनुमानढोकाको मूल चोकमा यात्रा गराइन्छ। मूलचोकमै भवानीलाई साक्षी राखेर महाअष्टमीका दिन राति कालरात्रि पूजासहित राज्यकोतर्फबाट बोका र राँगाको बलि दिइन्छ। तुलजा भवानी यात्राको साइत बिहान ७ : ११ बजे रहेको छ। तुलजा भवानीलाई बिहान ८:४४ बजे स्थिरासन गराइन्छ। असोज २७ गते बुधबार महाअष्टमी, त्यसै राति कालरात्रिको पूजा गर्नुपर्ने समितिले जनाएको छ।

असोज २८ गते बिहीबार महानवमी पर्व मनाइन्छ। असोज २९ गते शुक्रबार विजयादशमी पर्व परेको छ। घटस्थापनाका दिनदेखि पूजा आराधना गरिने देवीलाई बिहान ८:१९ बजे विसर्जन गरिने साइत छ। विजयादशमीका दिन साइत खोजेर टीका लगाउनेका लागि बिहान १०:०२ बजेको साइत शुभ रहेको छ। टीका लगाउने मानिस पूर्वफर्कनुपर्ने समितिले जनाएको छ। त्यस दिनदेखि कोजाग्रत पूर्णिमासम्म दुर्गा भवानीको प्रसाद लगाउन सकिन्छ।

विजयादशमीका दिन बिहान ७ : ०१ बजे तुलजा भवानीलाई मूल चोकबाट मूल मन्दिरमा फिर्ती यात्रा गराइने साइत छ। तुलजा भवानीलाई बिहान ८: ३२ बजे स्थिरासन गराइने साइत पनि समितिले निकालेको छ। खड्गयात्रा पनि यसै दिन गरिने छ। आश्विन शुक्ल पूर्णिमाका दिन कात्तिक २ गते सबै बलि पूर्ति गरिन्छ। त्यसै रात कोजाग्रत पूर्णिमा पर्व मनाइन्छ।

# आइपिओ जारी गर्दै न्यादी हाइड्रोपावर

काठमाडौं, ८ असोज (रासस)।

न्यादी हाइड्रोपावर लिमिटेडले यही असोज १५ गतेदेखि सर्वसाधारणका लागि साधारण शेयर बिक्री खुला गर्ने भएको छ।

कम्पनीले प्रतिकित्ता रु १०० अङ्कित मूल्यमा रु २२ करोड ५० लाख बराबरको २२ लाख ५० हजार कित्ता प्रारम्भिक सार्वजनिक निष्कासन( आइपिओ)को बिक्री खुला गर्न लागेको हो।

निष्काशन गरिने साधारण शेयरमध्ये पाँच प्रतिशत अर्थात् एक लाख १२ हजार ५०० कित्ता सामूहिक लगानी कोषलाई बाँडफाँट गरेको र दुई प्रतिशत अर्थात् ४५ हजार कित्ता शेयर कर्मचारीलाई सुरक्षित गरिएको छ। बाँकी रहने २० लाख ९२ हजार ५०० कित्ता शेयर खरिदका लागि सर्वसाधारणले यही असोज १५ गतेदेखि आवेदन दिन पाउने भएका छन्।


कम्पनीको विवरण पत्रानुसार सर्वसाधारणले असोज १९ सम्म न्यूनतम १० कित्तादेखि अधिकतम ५० हजार कित्तासम्मका लागि आवेदन दिन सक्नेछन्। सो अवधिसम्म माग गरिएबमोजिम आवेदन नआए असोज ३१ सम्म निष्काशन खुला हुने विवरणपत्रमा उल्लेख छ।

कम्पनीले हाल लमजुङ जिल्लाको मर्स्याङ्दी गाउँपालिकामा कूल ३० मेगावाट क्षमताको न्यादी जलविद्युत् आयोजना निर्माण गरिरहेको छ। कम्पनीले आयोजना निर्माणको कूल अनुमानित लागत रु छ अर्ब ११ करोड ७७ लाख ५५ हजार ५५ हुने र प्रतिमेगावाट लागत निर्माण अवधिको ब्याजसहित रु २० करोड ३९ लाख २५ हजार १८६ दशमलव पाँच हुने जनाएको छ।

सर्वसाधारणले नेपाल धितोपत्र बोर्डबाट सिआस्वा सुविधा प्रदान गर्न अनुमति पाएका सबै बैंक तथा वित्तीय संस्था र तिनका शाखा कार्यालयबाट शेयरमा आवेदन दिन सक्नेछन्। साथै अनलाइनमार्फत 'मेरो शेयर' प्रयोग गरेर पनि शेयरका लागि आवेदन दिन सकिने कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापिटलले जनाएको छ।

धितोपत्रको सार्वजनिक निष्कासन गर्दा क्रेडिट रेटिङ गर्नुपर्ने व्यवस्थाअनुसार रेटिङ गर्दा केयर रेटिङ नेपालले कम्पनीलाई 'केयरएनपी बिबी इस्युअर' ग्रेडिङ प्रदान गरेको छ। रेटिङअनुसार कम्पनीको हालको अवस्था दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको भन्ने बुझिन्छ।

कम्पनीले आफ्नो जारी पूँजी रु एक अर्ब ५० करोडको प्रतिशेयर रु १०० अङ्कित दरले हुने एक करोड ५० लाख कित्ता शेयरमध्ये १५ प्रतिशत अर्थात् २२ लाख ५० हजार कित्ता सार्वजनिक निष्काशनका निमित्त छुट्याएको थियो। आयोजना प्रभावित क्षेत्र लमजुङका बासिन्दाका लागि छुट्याइएको रु १० अङ्कित मूल्यका १५ लाख कित्ता शेयर र संस्थापक शेयरधनी संस्थाका कर्मचारीका लागि छुट्याइएको तीन लाख कित्ता शेयर गत भदौ १ देखि निष्काशन खुला गरिएको थियो जसको बाँडफाँट गत बुधबार भइसकेको छ।




## विश्व समाचार

### भारतमा थप ३१ हजार नयाँ सङ्क्रमित

नयाँदिल्ली, ८ असोज (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट थप ३१ हजार ३८२ जना नयाँ सङ्क्रमित फेला परेका छन्। योसँगै भारतमा अहिलेसम्म तीन करोड ३५ लाख ९४ हजार ८०३ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्।

भारतको केन्द्रीय स्वास्थ्य मन्त्रालयले शुक्रबार बिहान दिएको जानकारी अनुसार नयाँ सङ्क्रमितमध्ये १९ हजार ६८२ जना केरलाका मात्रै रहेका छन्। भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या तीन लाख १६२ पुगेको छ। यो सङ्ख्या १८८ दिनपछिकै सबैभन्दा कम हो। पछिल्लो समय भारतमा महामारी निकै कम हुँदै गएको छ। नयाँ सङ्क्रमित भएका भन्दा सङ्क्रमितणमुक्त भएकाको सङ्ख्या धेरै देखिएकाले सक्रिय सङ्क्रमितको सङ्ख्यामा कमी आएको हो।

पछिल्लो २४ घण्टामा ३२ हजार ५४२ जना कोरोना भाइरसबाट सङ्क्रमितमुक्त भएको अधिकारीशले जानकारी दिएका छन्। भारतमा अहिलेसम्म कुल तीन करोड २८ लाख ४८ हजार २७३ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। कोरोनाका कारण भारतमा अहिलेसम्म चार लाख ४६ हजार ३६८ जनाको मृत्यु भएको छ। ती मध्ये ३१८ जनाको पछिल्लो एक दिनमा मृत्यु भएको मन्त्रालयले जनाएको छ।

### खोप नलगाएका शिक्षकलाई विद्यालयमा प्रतिबन्ध

तेल अभिभ, ८ असोज (रासस/सिन्ह्वा)।

इजरायलमा कोरोनाभाइरस विरुद्धको खोप नलगाएका शिक्षकहरूलाई विद्यालय आउन नदिइने भएको छ।

कोरोना परीक्षण गर्दा सङ्क्रमणमुक्त देखिए पनि खोप लगाएको छैन भने विद्यालय आउन नदिने निर्णय भएको शिक्षा मन्त्रालयले बिहीबार जनाएको छ।

सरकारले विद्यालय सञ्चालन गर्ने र त्यहाँ सहभागी सबैले कोरोनाभाइरस विरुद्धको खोप अनिवार्य लगाएको हुनुपर्ने व्यवस्था गरेको छ। कोरोनाभाइरस विरुद्धको खोप लगाएको कार्ड देखाएपछि मात्रै विद्यालय प्रवेश गर्न दिने व्यवस्था गरिएको अधिकारीहरूले जनाएका छन्।

विद्यालयमा कोरोनाभाइरसको महामारी नफैलियोस् भन्ने उद्देश्यले खोप नलगाएका शिक्षकहरूलाई विद्यालय आउन नदिने व्यवस्था गरिएको उनीहरूले जनाएका छन्।

त्यसैगरी यो निर्णयले सबैलाई कोरोनाभाइरस विरुद्धको खोप लगाउन दबाब सिर्जना गर्ने पनि सरकारी अधिकारीहरुले विश्वास व्यक्त गरेका छन्। सरकारले देशभरि खोप अभियानलाई तीव्रता दिएको छ। विषेश गरेर शिक्षा क्षेत्रका व्यक्तिलाई अहिले खोपका लागि प्राथमिकता दिइएको छ।

### वाइट हाउसमा मोदी र बाइडेन बीचमा भेटवार्ता हुने

वासिङ्टन, ८ असोज (रासस/एएनआई)।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकी राष्ट्रपति जो बाइडेनसँग आज भेटवार्ता गर्नुहुने भएको छ।

संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागी हुन अमेरिका आउनु भएका मोदीले शुक्रबार अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसमा राष्ट्रपति बाइडेनलाई भेट्नुहुने कार्यक्रम तय भएको छ।

बाइडेनले गत २० जनवरीमा अमेरिकी राष्ट्रपतिको पद सम्हालेपछि यी दुई नेताबीच पहिलो पटक प्रत्यक्ष भेटवार्ता हुन लागेको भारतीय विदेश सचिव हर्षवर्धन श्रीङ्गलाले जानकारी दिनुभएको छ। तीन दिने अमेरिका भ्रमणका क्रममा उहाँले अन्य देशका शीर्ष नेताहरूसँग पनि भेटवार्ता गर्ने कार्यसूची रहेको छ। सबै भेटवार्तामा उहाँले साझा चासो, दुई पक्षीय हित, आपसी सहकार्य तथा सम्बन्धलाई अझ बलियो बनाउनेलगायतका विषयमा कुराकानी गर्नुहुने भएको छ।

प्रधानमन्त्री मोदी र राष्ट्रपति बाइडेनबीच कट्टरपन्थीलाई रोक्ने र आतङ्कवादसँग लड्ने उपायबारे छलफल हुने अपेक्षा गरिएको छ। उहाँहरुबीच रक्षा, व्यापार सम्बन्ध, सुरक्षा सहयोग र स्वच्छ ऊर्जा साझेदारीलाई दुई देशका बीचमा अझ बलियो बनाउने बारेमा छलफल हुने जनाइएको छ। प्रधानमन्त्री मोदी र बाइडेनबीच अफगानिस्तानको पछिल्लो घटनाक्रम र क्षेत्रीय सुरक्षा स्थितिबारे छलफल हुने बताइएको छ।

बुधबार अमेरिका आउनु भएका मोदीले क्वाड शिखर सम्मेलनमा भाग लिने र संयुक्त राष्ट्रसङ्घको महासभालाई सम्बोधन गर्नुहुने कार्यक्रम रहेको छ। उहाँले क्वाड शिखर सम्मेलनमा शुक्रबार नै भाग लिनुहुने छ भने न्यूयोर्कमा हुने संयुक्त राष्ट्रसङ्घको ७६औं महासभालाई शनिबार सम्बोधन गर्नुहुनेछ।

क्वाड सम्मेलनमा जापानका प्रधानमन्त्री योशिहिदे सुगा र अष्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनसमेत सहभागी हुनुहुने भएको छ प्रधानमन्त्री मोदीले सेप्टेम्बर २२-२५ को अमेरिका भ्रमणको क्रममा व्यापारिक अन्तरक्रिया पनि गर्ने तालिका रहेको छ।

# लहाको चुरा बनाउने तालिम सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ८ असोज ।**

सप्तरीको राजगढ गाउँपालिका वडा नं. ५ स्थित मलेकपुर २५ दिने लहाको चुरा बनाउने तालिम शुक्रबार सम्पन्न भएको छ ।

सीप सिकेर आत्मानिर्भर बन्ने उद्देश्यका साथ मलेकपुरका बजरङ्गबली महिला समुहमा रहेका मुसहर तथा चमार महिलाहरु लहाको चुरा बनाउन तालिम लिएको हो ।

युरोपियन यूनियनको आर्थिक सहयोग, वेल्टहङ्गरहिल्फेको प्राविधिक सहयोग तथा आसमान नेपालको अगुवाईमा राजगढ गाउँपालिका एवं दलित सरोकार मञ्च नेपाल सप्तरीको सहकार्यमा राजगढ गाउँपालिकामा नागरिक सक्रियता परियोजनाबाट २५ दिने चुरा लहा बनाउन सीप सिक्ने अबसर पाएका छन् ।

आफुहरुले स्थानीय स्तरमै उत्पादन गरेको चुरा गुणस्तरीय तथा आकर्षक देखिने भएकोले थोक ब्यापारीहरु घरमा आएर चुरा लाने स्थानीय सुनिता रामले बताईन । चुरा बनाउन अफ्ठेरो छैन । रामले भनिन, थोरै लगानीले पनि ब्यापार चलाउन सकिन्छ । राजगढ ५ कि असिया देबि रामले चुरामा लगानी भन्दा दोब्बर आम्दानी हुने भएकोले सीप सिक्ने अबसार दिएर हामी गरिवहरुको ठूलो उपकार गरेको उनले बताईन ।

सम्पन्न कार्यक्रममा स्थानीय अतिबिपन्न दलित महिलाहरुलाई सीप सिकाई रोजगारीको ब्यबस्था गर्ने उद्देश्यले २५ दिने लाहाको चुरा बनाउने तालिम संचालन गरेको दलित सरोकार मञ्च नेपाल सप्तरीका जिल्ला संयोजक राजकुमार पासवानले जानकारी दिए । स्थानीय ७ जना मुसहर र ८ जना चमार समुदाय महिलाहरु तालिम सहभागी भएको जिल्ला संयोजक पासवानले बताए ।

समापन समारोह राजगढ गाउँपालिकाका अध्यक्ष परमानन्द यादवको प्रमुख आतिथ्य तथा राजगढ गाउँपालिकाका कार्यकालिका सदस्य निभा रामको अध्यक्षतामा गाउँपालिका उपाध्यक्ष पुष्पमाला कुमारी मण्डलसमेत उपस्थित रहेकी थिइन् ।

# कांग्रेसको पालिका अधिवेशन आजदेखि

काठमाडौं, ८ असोज (रासस) ।

नेपाली कांग्रेसको १४ औं महाधिवेशनअन्तर्गत गाउँ/नगर अधिवेशन पूर्वनिर्धारित मिति (यही असोज ९ गते) देखि प्रारम्भ गर्ने निर्णय गरिएको छ ।

कांग्रेस पदाधिकारी र पूर्वपदाधिकारीको पार्टी संसदीय दलको कार्यालय सिंहदरबारमा शुक्रबार बसेको बैठकले वडा अधिवेशन सम्पन्न भएका ६४ जिल्लामा शनिबारदेखि गाउँ/नगर अधिवेशन प्रारम्भ गर्ने निर्णय गरेको प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिनुभयो ।

ती जिल्लामा दशैं अघिसम्म पालिका अधिवेशन मात्र सम्पन्न हुनेछन् । हिमाली जिल्लामा भने पूर्वनिर्धारित कार्यतालिका अनुसार जिल्ला अधिवेशन सम्पन्न गर्ने निर्णय भएको उहाँले बताउनुभयो । प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवाको अध्यक्षतामा बसेको बैठकमा वडा अधिवेशन हुन बाँकी १३ जिल्लाको क्रियाशील सदस्यता विवाद शीघ्र टुङ्ग्याएर वडा अधिवेशन प्रारम्भ गर्ने सहमति भएको छ ।

कांग्रेसको वडा अधिवेशन गत भदौ १८ गतेदेखि प्रारम्भ भएको हो । कांग्रेसले यसअघि ६४ जिल्लामा वडा अधिवेशन सम्पन्न गरिसकेको छ । प्रदेश नं २ का आठ जिल्ला तथा सुर्खेत, डोल्पा, रसुवा, रुपन्देही र कैलाली गरी १३ जिल्लाको क्रियाशील सदस्यतामा देखिएको केही विवादका कारण विवरण अझै सार्वजनिक हुन सकेको छैन ।

कांग्रेसले १४औं महाधिवेशनअन्तर्गत गाउँ/नगरपालिका अधिवेशन यही असोज ९ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन असोज १२ गते र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १५ गते निर्धारण गरेको थियो । त्यस्तै एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १८ गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरिएको छ ।

# जनकपुर-जयनगर रेल्वे सञ्चालनका लागि प्रधानमन्त्रीको ध्यानाकर्षण

काठमाडौं, ८ असोज (रासस) ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग पार्टी उपसभापति विमलेन्द्र निधिले जनकपुर-जयनगर रेल्वे तत्काल सञ्चालनका लागि सरोकारवाला निकायलाई निर्देशन दिन आग्रह गर्नुभएको छ ।

उपसभापति निधिले प्रधानमन्त्री देउवालाई शुक्रबार प्रधानमन्त्री निवास बालुवाटारमा भेटेर रेल्वे उद्घाटन र सञ्चालनका लागि ध्यानाकर्षण गराउनुभएको हो । प्रधानमन्त्री देउवासँग उहाँले नेपाल र भारत दुवै देशका प्रधानमन्त्रीद्वारा संयुक्त रुपमा रेल्वे उद्घाटनको व्यवस्था मिलाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र रेल विभागलाई निर्देशन दिन अनुरोध गर्नुभएको उपसभापति निधिका प्रेस सल्लाहकार रामजी दाहालले जानकारी दिनुभयो ।भेटमा प्रधानमन्त्री देउवाले तत्काल रेल्वे सञ्चालनका लागि सम्बन्धित निकायलाई तयारी अघि बढाउन आवश्यक निर्देशन दिने बताउनुभएको थियो ।

## *सार्वजनिक सवारी...*

तिर्नुपर्नेछ । काठमाडौं काकडभिट्टा जानका लागि रु एक हजार ४७० भाडा लाग्ने भएको छ ।

विभागले देशभरका कूल २८६ रुटको भाडादर समायोजन गरेको छ । विभागले यात्रुबहाक सवारीमा २८ प्रतिशत, पहाडी बाटोमा सञ्चालन हुने मालबहाक सवारी साधनमा २० प्रतिशत र तराईको बाटोमा सञ्चालन हुने मालवाहक सवारमि २६ प्रतिशत भाडा वृद्धि गरेको छ ।




नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*